पाख्रीबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## पाख्रीबास, धनकुटा

कोशी प्रदेश, नेपाल

**आन्तरिक आय ठेक्का बन्दोबस्तको लागि बोलपत्र आव्हान सम्बन्धि १५(पन्ध्र) दिने सूचना ।**

(प्रथम पटक प्रकाशित मितिः २०८३।०३।३२)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२क .र यस पाख्रीबास नगरपालिकाको आर्थिक ऐन २०८३ को व्यवस्था बमोजिम आगामी आर्थिक बर्ष २०८३।०८४ का लागि आन्तरिक आय ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले पाख्रीबास नगरपालिकाको स्वीकृत दर अनुसार आन्तरिक आय ठेक्कामा सहभागी हुन ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१।८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही सिलबन्दी बोलपत्र बढाबढ प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

तपसिल

**ठेक्का बन्दोबस्त गरिने आन्तरिक आयको न्यूनतम बार्षिक ठेक अंक (मु.अ.कर बाहेक)**

| सि नं | आन्तरिक आय ठेक्का नं | आन्तरिक आय शिर्षक | न्यूनतम वार्षिक ठेक अंक |
|---|---|---|---|
| १ | PKBSMUN/REVENUE/2083/084-01 | हाटबजार शुल्क (दैनिक गुद्रीबजार साप्ताहिक हाटबजार) | १५००००। |
| २ | PKBSMUN/REVENUE/2083/084-02 | संसारीमाई सीमसार पर्यटन क्षेत्र प्रवेश शुल्क | २०००००।- |
| ३ | PKBSMUN/REVENUE/2083/084-03 | राम्चे डाँडा भ्यू टावर शुल्क | २००००। |
| ४ | PKBSMUN/REVENUE/2083/084-04 | पाख्रीबास -४ चार्जिङ स्टेसनमा चमेना गृह सञ्चालन | १०००००।- |
| ५ | PKBSMUN/REVENUE/2083/084-05 | भुल्केदेवी सीमसमार पर्यटन क्षेत्र प्रवेश शुल्क | २००००।- |
| ६ | PKBSMUN/REVENUE/2083/084-06 | विज्ञापन कर | ४००००।- |

प्रमुख प्रशासकीय अधिकृत

पाख्रीबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पाख्रीबास, धनकुटा

कोशी प्रदेश, नेपाल

शर्तहरुः

१.फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व २०८१।८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा NIC ASIA बैंक शाखा कार्यालय पाख्रीबासमा रहेको यस कार्यालयको खाता नं. 0882050028483002 मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) औं दिनको दिन कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, स्थायी लेखा नं, नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बाणिज्य बैकको खाता नं, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारलाई तिर्नु बुझाउनु पर्ने कुनै पनि राजस्व बाँकी नरहेको तथा कालो सुचीमा नपरेको स्वयं घोषणा ।

२.तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजस्व शाखामा जम्मा गरेको भौचर वा यस कार्यालयको आन्तरिक राजस्व खाता नं 0882050028483002 .मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

३. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको NIC ASIA बैंक पाख्रीबास शाखा मा रहेको धरौटी खाता नं 088CA502647524003 जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं .र नाम उल्लेख गरी ४५ (पैंतालीस) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

४. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं .समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा हार्डकपी प्रति दर्ता गर्नु पर्नेछ ।

५. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको सिलबन्दी बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २.०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्गाण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि सिलबन्दी बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा ५.

प्रमुख प्रशासकीय अधिकृत

पाख्रीबास नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाख्रीबास धनकुटा कोशी प्रदेश नेपाल

खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७.बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ ( सात) दिनभित्र मू.अ .कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्तावापत कबोल अंकको ६० (साठी) प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ताबापत ४० (चालीस) प्रतिशतले हुन आउने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको २०८४ साल आषाढ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी ) परफरमेन्स बन्ड (समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ (तेह्र) प्रतिशतले हुन आउने भ्याट रकम समेत यस कार्यालयको राजस्व शिर्षक नं. ३३३१७ (बेदर्तावाला संकलन) मा जम्मा गरि सो को भौचर बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।साथै कबुल अंकको सबै रकम एकमुष्ठ र सो बापतको मु.अ. कर रकम एकमुष्ठ जम्मा गरेमा परफरमेन्स बन्ड पेश गर्नु पर्ने छैन ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ

९. ठेक्का बन्दोबस्ती ब्यबस्थापन सम्बन्धमा पाख्रीबास नगर कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ ।

(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको Website pakhribasmun.gov.np मा समेत हेर्न सकिनेछ ।)

प्रमुख प्रशासकीय अधिकृत

सुनिल पौडेल

प्रमुख प्रशासकीय अधिकृत